National News Bulletin

**आकाशवाणी**

April 07, 2025

**प्रमुख समाचार**:

- **राष्ट्रपति द्रौपदी मुर्मुले आज लिस्बनमा पुर्तगालका राष्ट्रपति** Rebelo de Sousa **का साथ प्रतिनिधिमण्डल स्तरीय वार्ता गर्नुभएको छ। श्रीमती मुर्मु पुर्तगाल र स्लोभाकिया को राजकीय यात्राको पहिलो चरणमा आज बिहान लिसबन पुग्नुभएको थियो।**
- **केन्द्रिय गृहमन्त्री अमित शाहले सरकारले देशको सीमाहरूमा सुरक्षाका लागि एक इलेक्ट्रोनिक प्रणाली को जड़ान गरि रहेको भन्नुभएको छ।**
- **स्वास्थ्य र यो सित संबन्धित राम्रो ब्यवहार बारे जागरूकता बढ़ाउन आज समस्त विश्वमा स्वास्थ्य दिवस मनाइन्दैछ।**
- **आईपिएल क्रिकेट।**

**संशो राष्ट्रपति पुर्तगाल यात्रा**

राष्ट्रपति द्रौपदी मुर्मुले आज लेस्बनमा पुर्तगाल राष्ट्ररपति मार्सेलो रेबेलो डी सूजा का साथ प्रतिनिधिमण्डल स्तरीय वार्ता गर्नुभएको छ। बैठक पछी संयुक्त सम्वाददाता सम्मेलनमा राष्ट्रपति मुर्मुले भारत र पर्तगाल बीच रहेका ऐतिहासिक संबधहरूलाई आधुनिक र बहुआयामी साझेदारीको रूपमा विकसित गरिन्दैछ, भन्नुभयो। राष्ट्रिपतिले पुर्तगालका राष्ट्रपतिका साथ आफुले द्विपक्षीय संबधका विभिन्न क्षेत्रहरूलाई शामेल गर्दै व्यापक र रचनात्मक कुराकानी गरेको भन्नुभयो राष्ट्ररति मुर्मु, पुर्तगाल र स्लोवाकियोको राजकीय यात्राको पहिलो चरणमा आज बिहान लेसबन पुग्नुभएको थियो उहाँको यो यात्रा भारत र पुर्तगालका राजनयिक संबधहरूको स्थापनाको पचास वर्ष पूरा भएको बेलामा हुँदैछ।

**संशो राष्ट्रपति**

श्रीमती मुर्मुले भारत र पुर्तगालको कलात्मक तथा सांस्कृतिक विरासत प्रदर्शित गर्ने एक स्मारक टिकट पनि जारी गर्नुहुनेछ। स्लोवाकियाका राष्ट्रपति पीटर पेलेग्रिनीको निमन्त्रणामा उहाँ 9 देखि 10 अप्रेल सम्म स्लोवाकियामा हुनुहुनेछ। भारतको राष्ट्रपतिको 29 वर्षहरूमा Slovakia को यो पहिलो यात्रा हो।

**अमित शाह- जम्मू**

केन्द्रिय गृहमन्त्री अमित शाह, जम्मू- कश्मीरको तीन दिनको दौड़ाहामा हुनुहुन्छ। उहाँले आज कढुआ जिल्लामा भारत –पाकिस्तान सीमाका साथ लागेको सीमा सुरक्षा बल बिएसएफ को एक अग्रिम चोंकीको दौड़ाहा गर्नुभयो। हाम्रा जम्मू संवाददाताले बताए अनुसार श्री शाहलले वास्तविक स्थितिको मूल्यांकन गर्न भनि बिएसएफ सीमा आउटपोस्ट बिओपी विषय र कठुआ जिल्लाको हीरा नगर सेक्टरको दौड़ाहा गर्नुभयो। श्री शाहाले भोलि श्रीनगरको राजभवनमा हुने बैठकमा जम्मू कश्मीरका विभिन्न विकास कार्यक्रमहरूको समीक्षा गर्नुहुनेछ। पछी राजभवनमा उहाँले एक अन्य बैठक गर्नुहुनेछ। यस बैठकमा जम्मू कश्मीरको सुरक्षा स्थितिको समीक्षा गरिनेछ।

**दिल्ली विश्व स्वास्थ्य दिवस**

आज विश्व स्वास्थ्य दिवस हो। यस अवसरमा मुख्यमनात्री रेखा गुप्ताले दिल्लीलाई स्वस्थ, सशक्त र सुरक्षित बनाउनका लागि सरकारले हर संभव पाईला चाल्नेछ, भन्नुभयो। एक सोसियल मिडिया पोस्टमा उहाँले भन्नुभयो, दिल्ली सरकार आयुष्मान भारत योजनाको क्रियान्वयनमा साथ साथ, स्वास्थ्य सेनाहरूको विस्तार, आधुनिक चिकित्सा सुविधाहरू र दरियो पूर्वधार मार्फत प्रत्येक नागरिक सम्म गुणस्तरीय तथा सुलभ उपचार पुर्याउनका लागि प्रतिबद्धछ। दिल्ली विधानसभा अध्यक्ष विजेन्द्र गुप्ताले पनि विश्व स्वास्थ्य दिवसमा सबैलाई हार्दिक बधाई र शुभकामना दिनुभएको छ।

आकाशवाणी समाचारका साथ एक विशेष साक्षात्कारमा, स्वास्थ्य र परिवार कल्याण राज्य मन्त्री अनुप्रिया पटेलले स्वास्थ्य क्षेत्रमा, देशको प्रशंसनीय उपलब्धिहरूमा प्रकाश पार्नुभयो जसमा मातृ र शिशु मृत्यु दरमा उल्लेखनीय गिरावट शामेल छ। उहाँले सबैसित स्वास्थ जीवन शैली अपनाउने अपील पनि गर्नुभयो- यो साक्षात्कार आज बेलुकी 8 बजे देखि सौ दशमलउ एक, आकाशवाणी गोल्ड च्यानल र अन्य फ्रिक्वान्सीहरूमा प्रसारित गरिनेछ। आकाशवाणीका सबै सोसियल मिडियाहरूमा पनि यो उपलब्ध हुनेछ। स्वास्थ्य र यो सित संबन्धित राम्रो व्यवहारबारे जागरूकता बढ़ाउनका लागि आज विश्व भरिमा स्वास्थ्य दिवस मनाइन्दैछ । विश्व स्वास्थ्य संगठनका अनुसार यस वर्षको विषय हो – स्वास्थ शुरूआत, आशावादी भविष्य यस विषयको उद्देश्य, मातृ र नवाजात मृत्युलाई रोक्नु र महिलाहरूको दीर्घकालिक स्वास्थ्य तथा कल्याणलाई प्राथमिकता दिनु हो। यस अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीले एक स्वस्थ विश्वको निर्माणका लागि आफ्नो प्रतिबद्धताको पुष्टि गर्नुभयो।

**दुबई क्राउन प्रिन्स**

संयुक्त अरब अमीरात युएई का उप प्रधानमन्त्री र रक्षा मन्त्री शेख हमदान बिन मोहम्मद अल मकतम, भोलि देखि भारतकको दुई दिवसीय यात्रामा आउनुहुनेछ। दुबईको क्राउन प्रिन्स का तबरमा यो उहाँको पहिलो आधिकारिक भारत यात्रा हुनेछ। उहाँका साथ कैंयन् मन्त्री, परिषद अधिकारी र एक उच्च स्तरीय व्यापारिक प्रतिनिधिमण्डल पनि हुनेछ।

**प्रधानमन्त्री नवकार महामन्त्र**

प्रधानमन्त्री नरेन्द्र मोदीले बुधवार नयाँ दिल्लीमा नवकार महामन्त्र दिवसमा भाग लिनुहुनेछ। यस अवसरमा, उपस्थित मानिसहरूलाई उहाँले संबोधित पनि गर्नुहुनेछ। नवकार महामन्त्र दिवस, आद्यात्मिक सद्भाव र नैतिक चेतनाको एक महत्वपूर्ण उत्सव हो।

**आईपीएल**

आईपीएल टी -20 क्रिकेटमा मुम्बईको वानखेढ़े  स्टेडियममा मुम्बई इण्डियन र रोयल च्यालेन्जर्स बेगंलुरू बीच भीड़न्त भई रहेको छ।